चिन्हहरू अध्ययन गर्नुहोस्। छिट्टै प्रतिक्रिया जनाउनुहोस्।

तपाईंको बच्चाको प्रारम्भिक उमेरमा ३ वा उनी कसरी खेल्छन्, सिक्छन्, बोल्छन्, तथा प्रतिक्रिया जनाउँछन् भन्ने सन्बन्धी धैरे विकासात्मक स्थितिहरू समावेश हुन्छन्।

तपाईंको बच्चा के-कस्ता विकासात्मक स्थिति भइरहेका छन् भन्ने बारे अध्ययनका लागि भित्र हेर्नुहोस्। तपाईंको बच्चाको चिकित्सकसँग यी स्थितिहरू बारे कुरा गर्नुहोस्।

यी विकासात्मक स्थितिहरूको विकास नहुनु वा अन्य बालबालिकाको तुलनामा निकै ढिला हुनु भनेको विकासात्मक ढिलाईको संकेत हो।

## तपाईंको बच्चालाई सबैभन्दा बढी तपाईंले बुझ्नुहुन्छ।

यदि तपाईं आफ्नो बच्चाको विकास बारे चिन्तित हुनुहन्छ भने, तपाईंको बच्चाको चिकित्सकसँग कुरा गर्नुहोस्।

यदि तपाईं वा चिकित्सक अझैपनि चिन्तित भएमा, चिकित्सकलाई विशेषज्ञ कहाँ रिफर गर्न भन्नुहोस् र तपाईंको बच्चालाई आवश्यक पर्न सक्ने मद्दत प्राप्तिका लागि तपाईंको राज्यको प्रारम्भिक बालापन प्रणालीसँग सम्पर्कमा कसरी आउने भन्ने बारे थाहा पाउन 1-800-CDC-INFO मा फोन गर्नुहोस्।

## प्रतीक्षा नगर्नुहोस्।

छिट्टै प्रतिक्रिया जनाउनाले वास्तवमै फरक पार्छ!



तपाईंको बच्चाको विकास सम्बन्धी थप जानकारीका लागि तथा यदि तपाईंसँग कुनैपनि सरोकारहरू भएको खण्डमा के गर्ने भन्ने सम्बन्धमा, तलको लिङ्कमा जानुहोस्।

www.cdc.gov/ActEarly

Dial 2-1-1 to reach your local Children's Integrated Services (CIS) team

http://dcf.vermont.gov/cdd/cis

नि:शुल्क "चिन्हहरू अध्ययन गर्नुहोस् का लागि अनुरोध गर्न। छिट्टै प्रतिक्रिया जनाउनुहोस्।"

तपाईंको बच्चा तथा साना बालबालिकाका लागि स्याहारबाट रूपान्तरित विकासात्मक स्थितिहरू: भर्खर जन्मिएका देखि ५ वर्ष उमेरका (AAP, 2009) र उज्जवल भविष्यहरू: शिशु, बच्चा, र किशोरका लागि स्वास्थ्य रेखदेख निर्देशिका (AAP, 2008)।



# तपाईंको बच्चाको विकासात्मक स्थिति बारे थाहा पाउनुहोस्

## Milestones Brochure - Nepali



विकासात्मक उमेर अवधिमा के-कस्ता कुरा ख्याल राख्ने भनि थाहा पाउनका लागि स्थितिहरूको यस मानचित्रलाई प्रयोग गर्नुहोस्।

भर्खर जन्मिएका देखि 4 वर्षका बालबालिकाको अभिभावकहरूका लागि

Learn the Signs. Act Early.

रोग नियन्त्रण तथा रोकथाम केन्द्रहरू

www.cdc.gov/ActEarly
1-800-CDC-INFO

रोग निवारण तथा रोकथामका लागि स्वास्थ्य तथा मानव सेवा केन्द्र विभाग

चिन्हहरू अध्ययन गर्नुहोस्। छिट्टै प्रतिक्रिया जनाउनुहोस्।

# तपाईंको बच्चाको प्रारम्भिक विकास एउटा यात्रा हो।

तपाईंको बच्चाले पूरा गरेका विकासात्मक स्थितिहरू जाँच गरि प्रत्येक भेटमा तपाईंको बच्चाको प्रगति बारे चिकित्सकलाई बताउनुहोस्।



यहाँबाट सुरु गर्नुहोस्

## 6 MONTHS



- ❒ आवाजहरूको नक्कल गर्छ
- ❒ आड बिना नै बस्न सुरु गर्छ
- ❒ अन्यसँग, विशेष गरि अभिभावकसँग खेल्न मनपराउँछ
- ❒ उसको नाम बोलाउँदा प्रतिक्रिया दिन्छ
- ❒ बडबडाउँदा स्वरका पंक्तिलाई एकसाथ भन्छ (“आह,” “ऐ,” “ओह” )

## 12 MONTHS (1 YEAR)



- ❒ "होइन" का लागि टाउको हल्लाउने वा "बाई बाई" का लागि हात हल्लाउने जस्ता सामान्य इशारा प्रयोग गर्छ
- ❒ इशाराहरूको नक्कल गर्छ
- ❒ सामान्य बोलिएका अनुरोधहरूप्रति प्रतिक्रिया जनाउँछ
- ❒ “मामा” र “दादा” भन्छ
- ❒ उभिनका लागि माथितिर तान्छ

## 18 MONTHS (1½ YEARS)



- ❒ गुडियालाई खाना खुवाए जस्तो नाटक गर्ने जस्ता खेलहरू खेल्छ
- ❒ केही रोचक अरूलाई देखाउन संकेत गर्छ
- ❒ टेलिफोन, ब्रस, चम्चा जस्ता साधारण सामग्रीहरूको प्रयोग बारे थाहा हुन्छ
- ❒ धेरै एकल शब्दहरू भन्छ
- ❒ एक्लै हिँड्छ

## 2 YEARS

- ❒ 2 देखि 4 शब्दका वाक्यहरू भन्छ
- ❒ अन्य बालबालिकासँग खेल्दा रमाउँछ
- ❒ सामान्य निर्देशनहरूको पालना गर्छ
- ❒ बललाई खुट्टाले हान्छ
- ❒ नामहरू भन्दा चीज वा तस्वीरहरू देखाउँछ

## 3 YEARS



- ❒ ठूला मानिस तथा साथीहरूको नक्कल गर्छ (अन्य बालबालिका दौडिंदा सँगसँगै दौडिने)
- ❒ 2 देखि 3 वाक्यहरू प्रयोग गरि वार्तालाप गर्ने
- ❒ राम्रोसँग चढ्छ
- ❒ गुडिया, जनावर र मानिस बनाएर खेललाई वास्तविक मानेर खेल्ने
- ❒ बढाइचढाइ बिना साथीहरूका लागि माया देखाउँछ

## 4 YEARS



- ❒ एउटा खुट्टामा उचालेर 2 सेकेण्डका लागि उभिन्छ
- ❒ एक्लैभन्दा अन्य बालबालिकासँग खेल्न मन पराउँछ
- ❒ कथाहरू भन्छ
- ❒ 2 देखि 4 वटा शरीरका अंगले व्यक्तिलाई तान्ने
- ❒ मिलेर खेल्छ

यी ख्याल राख्नुपर्ने धेरै महत्त्वपूर्ण स्थितिहरू मध्ये केही हुन्। उमेर अनुरूपको थप पूर्ण जाँचसूचीका लागि **www.cdc.gov/ActEarly** मा हेर्नुहोस् वा **1-800-CDC-INFO** मा फोन गर्नुहोस्।